# बगनासकाली गाउँपालिकाको
# सार्वजनिक सुनुवाई कार्यक्रम
## प्रतिवेदन २०८०

# बगनासकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा ।

लुम्बिनी प्रदेश, नेपाल ।

Email: baganaskali.rural@gmail.com,

Website: https://baganaskalimun.gov.np/

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

# मिति : २०८० माघ २९ गते

### सहजीकरण: बगनासकाली पत्रकार समूह

**कार्यक्रमको परिचय**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेको छ । हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने हुन्छ ।

आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । बगनासकाली गाउँपालिकाको प्रांगणमा २०८० माघ २९ गते सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

**कार्यक्रमको उद्देश्य**

१. बगनासकाली गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

२.सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

३.सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

४.स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेही बनाउने ।

५.सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**कार्यक्रमको संक्षिप्त जानकारी**

सार्वजनिक सुनवाई संयोजन गर्ने व्यक्तिको नामः भोजराज तिमिल्सिना

सहयोगी सहजकर्ताः नेत्र गैरे, दयाराज न्यौपाने, यज्ञमूर्ति तिमिल्सिना सहित समूहका पदाधिकारी सदस्यहरु

ठेगाना : चिर्तुङ्धारा, पाल्पा

सार्वजनिक सुनुवाईको विषय : कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

कार्यक्रम आयोजक : बगनासकाली गाउँपालिका, पाल्पा

सहजिकरण : बगनासकाली पत्रकार समूह, पाल्पा

**कार्यक्रम विवरण**

कार्यक्रम सञ्चालित मिति : २०८०/१०/२९ गते

समय : दिनको १२:१० वजेदेखि ३ बजेसम्म (३ घण्टा )

सहभागी :

**जवाफदेही वक्ताहरु**

१.बगनासकाली गाउँपालिका अध्यक्ष श्री सरस्वती चिदी

२. बगनासकाली गाउँपालिका उपाध्यक्ष श्री हरिप्रसाद पाठक

३. बगनासकाली गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री बद्रीनाथ लम्साल

४. बगनासकाली गाउँपालिका लेखा अधिकृत कोशलराज पौडेल

५.वडा अध्यक्षहरु

६.शाखा प्रमुखहरु

**अतिथि तथा संचारकर्मीहरु**

कार्यक्रममा पालिका स्तरीय बिभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरु लगायत अतिथिको रुपमा रहनुभएको थियो ।

**संचालन प्रक्रिया**

**(क) जानकारी**

सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा गाउँपालिका र समूहबीचको सम्झौता पश्चात कार्य प्रारम्भ गरिएको ।

**(ख) सहजकर्ताको छनौट तथा समन्वय**

गाउँपालिका मार्फत सहजीकरणको जिम्मेवारी बगनासकाली गाउँपालिकालाई प्रदान गरिएको ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन**

स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन्न सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक  सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय  सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

**(घ) बहिर्गमन अभिमत र नागरिक अभिमत संचालन**

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन वडा वडा र टोल टोलमा पुगेर बहिर्गमन अभिमत वा नागरिक अभिमत लिइएको थियो । यसका लागि सबै वडाहरुमा पुगेर अभिमत संकलन गरि कार्यक्रममा त्यसको प्रतिबेदन समेत प्रस्तुत गरिएको थियो । उक्त प्रतिवेदन समेत यसै प्रतिवेदनसाथ संलग्न रहेको छ ।

**(ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

स्थानीय श्रीनगर एफएम, सामुदायिक रेडियो मदनपोखराबाट सार्वजनिक सुनुवाइको सुचना प्रशारण गरिएको थियो भने गाउँपालिका सहित सबै वडाहरुमा सूचना टाँस गरिएको थियो । गाउँपालिका सहित वडाहरुको फेसबुकमा पनि सूचना राखिएको थियो ।

**कार्यान्वयन चरण**

सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई स्थानमा आशन ग्रहण गराइएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत बद्रीनाथ लम्सालले पालिकाको समग्र विकास योजना र शाखाहरुको गतिबिधि प्रस्तुत गर्नुभयो । सहजकर्ता दयाराज न्यौपानेले नागरिक अभिमत र बर्हिगमन अभिमत सहित नागरिकहरुबाट प्राप्त सुझाव सल्लाहहरु प्रस्तुत गर्नुभएको थियो ।

त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा पालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहितका सेवाप्रदायकले जवाफ दिनुभयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा उठान भएका प्रश्नहरु, प्रश्नकर्ता र सम्वन्धित सेवाप्रदायकको उत्तरहरु तपशील बमोजिम रहेको छ ।

| क्र.सं. | प्रश्नकर्ता र प्रश्न | उत्तरदाता र उत्तर |
|---|---|---|
| १. | श्रीबहादुर कुँवर<br>-रोजगारीमा रहेका व्यक्तिको नागरिकता र बिदेशमा रहेको कागजातमा जन्ममिति फरक पर्दा समस्या भएको । यसको समाधान कसरी गर्न सकिन्छ ? | प्रमुख प्रशासकीय अधिकृत<br>१) यो समस्या समाधानका लागि गाउँपालिकाको तर्फबाट हुन सक्ने सहयोग र समन्वय हुन्छ । |
| २. | रामप्रसाद ढुंगाना<br>१) गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को मलेप प्रतिबेदन हेर्न सकिन्छ कि नाई । | प्रमुख प्रशासकीय अधिकृत/उपाध्यक्ष/ शिक्षा शाखा<br>१) सूचना माग गरे पाइन्छ ।<br>२) त्यस्तो होइन । जनमैत्री भएका छौं । |

| | | |
|---|---|---|
| | २) जनप्रतिनिधि र कर्मचारी जनताप्रति सेवामुखी हुनुपर्नेमा आफैहरुकै सुविधामा अल्मलिएको हो कि ?<br><br>३) सबै बिद्यालयमा जिन्सी खाता छ कि छैन ? | ३) सबै बिद्यालयमा जिन्सी खाताको ब्यवस्था छ । |
| ३. | तारा बहादुर सिंजाली<br><br>१) चिउरी पहारदेखि गुम्बासम्म पुग्ने बाटोको स्तरोन्नतीमा आएको समस्या के हो ? | वडा नं. १ अध्यक्ष<br><br>यो बाटो वडाको प्राथमिकतामा परेको र प्राथमिकताका साथ काम हुनेछ । |
| ४. | कुल प्रसाद ढुंगाना<br><br>१) गाउँपालिकाले कर बृद्धि गर्दै गएको छ ? नक्सा पास सम्बन्धी अघिल्लो पटक भएको निर्णय किन फेरबदल गरेको ? | प्रमुख प्रशासकीय अधिकृत<br><br>कर बृद्धि भएको होइन । नक्सा पास सम्बन्धमा स्थानीय सरकारले गरेको निर्णय र कानुन बमोजिम हुने विषय हो । |
| ५. | बालचन्द्र ढुंगाना<br><br>१) स्थानीय सरकारले कर असुली बढी गर्दा समस्या भयो । | प्रमुख प्रशासकीय अधिकृत<br><br>अघिल्लो प्रश्नकर्ताको उत्तरमा समेटिएको । |
| ६. | मुक्ति प्रसाद बस्याल<br><br>१) चिर्तुङधाराको घोरबन्दा, सन्ढापको बाटोको काम बाँकी रहेको र बजेट निरन्तर नभएको । | वडाध्यक्ष<br><br>आगामी वर्षको बजेटमा समेट्नेछौं । |
| ७. | सोम बहादुर झेडी<br><br>१) मान्छेहरु उपभोक्ता समितिमा बस्न खोज्न छोडे ।<br><br>२) प्रस्तावित बजेटले योजना पूरा नहुने, र मुल्यांकनमा पनि कम मुल्यांकन हुँदा झनै समस्या छ । | प्राविधिक प्रमुखः प्रमोद कुँवर<br><br>भुक्तानी गर्दा मुल्यांकनकै आधारमा गर्ने हो । मुल्यांकन भन्दा बढी भुक्तानीका लागि सिफारिस गरिदैन । |
| ८. | हरि भट्टराई<br><br>१) प्राविधिक कर्मचारीहरुले अझै पनि काममा जादा अतिरिक्त रकम माग्छन् भन्ने गुनासो छ । | उत्तरः प्राविधिक प्रमुखः प्रमोद कुँवर<br><br>यो गलत विषय हो । कोही कसैले लिएको थाहा पाउनुभयो भने जानकारी दिनस् पुष्टि भए तत्काल कारवाही गर्छौं । |
| ९. | प्रकाश ढुंगानाः<br><br>१) फोक्सेयार खानेपानी योजना सम्पन्न नहुँदा पानीको समस्या भएको । | वडाध्यक्ष वडा नं. १<br><br>खानेपानीको सम्बन्धमा आगामी दिनमा प्राथमिकतामा राखि काम गर्ने र बाटोको |

| | | |
|---|---|---|
| | बाटो घरघरमा पुऱ्याउने अभियान भएपनि राम्रो नभएको । | विषयमा पनि समस्या भएको स्थानमा समस्या समाधान गर्दै राम्रो बाटो बनाउँदै जाने । |
| १०. | श्री बहादुर कँवर<br><br>१) कालीगण्डकी लिफि्टिङ के हुँदैछ ? कोषको रकमको सन्दर्भ के हो ? | गाउँपालिका उपाध्यक्ष<br><br>लिफि्टिङ योजनाको काममा तीव्रता दिइएको छ । |
| ११. | तारा बहादुर सिंजाली<br><br>सुझावः<br><br>१) २०८०/९/२३ मा भएको जनसाहरा कृषि सहकारीको निर्वाचन, हिसावकिताव सम्बन्धमा गाउँपालिकाको निगरानी हुनुपऱ्यो । | |
| १२. | जनता समाजवादी प्रतिनिधि<br><br>खिक बहादुर रेश्मी<br><br>सुझाव<br><br>पानीको मुल रोक्का सम्बन्धमा<br><br>बालमैत्री स्थानीय शासन कार्यक्रमलाई प्रभावकारी बनाउने सम्बन्धमा । | |
| १३. | खुम बहादुर बिक नेकपा माओवादी केन्द्र<br><br>१) यम्घामा बिशेष नापी टोली नगएको सम्बन्धमा । सम्बन्धित निकायमा गाउँपालिका मार्फत ध्यानाकर्षण गराउन सुझाव । | |
| १४ | ढकेश्वर बस्याल नेकपा एमाले<br><br>सुझावः<br><br>१) चिलाङ्दी चापपानी सडक निर्माणमा ढिलाई भयो । खाल्डाखुल्डी पुर्न निर्माण व्यवसायीलाई सहजीकरण गर्नु पर्ने देखिन्छ ।<br><br>बाँदर आतंक बढ्दै गएको छ । न्यूनीकरण र समाधानको उपाय खोजी गरौं । | |

| | | |
|---|---|---|
| | बिद्यालय भौतिक सुविधा सम्पन्न भएपनि बिद्यार्थी संख्या घट्दै गएका छन् । | |
| १४ | गणेश प्रसाद बस्याल<br><br>नेपाली कांग्रेस<br><br>१) बालमैत्री स्थानीय शासन कार्यक्रम किन प्रभावकारी हुन सकेको छैन ? | |
| १५. | प्रकाश ढकाल:<br><br>१) सुकुम्बासी तथा भुमिहिनहरुको समस्या सम्बन्धमा वडाले गर्न सक्ने सहयोग समन्वय के हो ? | वडा नं. १ अध्यक्ष<br><br>-समस्यामा परेका व्यक्तिहरुले वडामा सम्पर्क गर्न सक्नुहुन्छ । हामी सक्दो सहयोग गर्छौं । |
| १६. | यज्ञमूर्ति तिमिल्सिना<br><br>सुझाव:<br><br>-सामान्य विषयहरुमा मात्र व्यवस्थापन गर्न सक्दा पनि धेरै प्रभावकारी हुन्छ । जस्तै राष्ट्रपति रनिङ शिल्ड, सामाजिक सञ्जालको उपयोग, फिनियोथेरापी व्यवस्था आदि । | |





**निष्कर्ष**

बगनासकाली गाउँपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । पालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषिको समस्या, सार्वजनिक जग्गा सुरक्षा, संरक्षण र विकास, न्यायिक सवाल, पशु विकाश, खानेपानी महशुल र योजनाको सार्वजनिकरण लगायतका विषयमा सुझाव दिएका थिए ।

राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जननिर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले व्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ ।

पेश गर्ने

बगनासकाली पत्रकार समूह

**बगनासकाली गाउँपालिका, पाल्पाको**

**सार्वजनिक सुनुवाई,२०८०/१०/२९ गते**

**सहजीकरण-बगनासकाली पत्रकार समूह**

**नागरिक प्रतिवेदन**

प्रश्नावली भाग – १

उत्तरदाताको जातजाति : मगर, व्राह्मण, क्षेत्री, दलित

सहभागी लैंगिक सहभागिता (संख्या): कुल प्रतिशत मध्ये (५७) महिला (४३ ) पुरुष

उमेर समुह : १८ वर्ष देखि ७५ वर्षसम्म

शिक्षाः साक्षर देखि स्नातकोत्तरसम्म

पेशाः कृषि, राजनीति, जागिर, पत्रकार आदि ।

सर्वेक्षण क्षेत्र :बगनासकाली गाउँपालिका, गाउँपालिकाका ९ वटै वडा तथा सेवाप्रदायक शाखाहरु

**१. सेवाको सन्तुष्टि**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ७५ | २० | ५ |

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ९६ | ३ | १ |

२. सेवाको नियमितता

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ५० | ४० | १० |

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको

छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

| ढुक्क | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ८० | १५ | ५ |

२.३ तपाईले सेवा लिन जाँदा कर्मचारिलाई खुशी बनाउन अतिरिक्त रकम तिर्नु भयो ?

| तिरेँ | तिरिन | अन्य |
|---|---|---|
| ० | १०० | - |

२.४ कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

| १ दिन | २ दिन | धेरै दिन |
|---|---|---|
| ५० | ३० | २० |

## ३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीकै | अविस्वस्त |
|---|---|---|
| ९५ | ५ | ० |

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?

| धेरै | ठिकै | छैन |
|---|---|---|
| २५ | ३० | ४५ |

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

| धेरै | ठिकै | छैन |
|---|---|---|
| ९२ | ८ | ० |

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

| छ | छैन | अलिअलि थाहा छ |
|---|---|---|
| ९९ | ० | १ |

## ४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ६८ | ३२ | ० |

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

| आफै | गाउँका ठुलावडा | मध्यस्थकर्ता |
|---|---|---|
| ८७ | ११ | २ |

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्यो ?

| १ पटक | २ पटक | सो भन्दा माथी |
|---|---|---|
| ८६ | १२ | २ |

## ५. सेवा सम्बन्धी जानकारी

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| ३० | ६० | १० |

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

| पुर्ण जानकारी | आंशिक | जानकारी छैन |
|---|---|---|
| ५० | ३० | २० |

५.३ कार्यालय र सेवाग्रही बीचको सम्बन्ध कस्तो छ ?

| अति राम्रो | ठीकै | राम्रो छैन |
|---|---|---|
| ९५ | ५ | ० |

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

| २० प्रतिशत जति | ५० प्रतिशत वढी | थाहा छैन |
|---|---|---|
| ३० | ५० | २० |

**६. नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ।?

| धेरै | कम | गरेको छैन |
|---|---|---|
| ५० | ३० | २० |

६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

| अति राम्रो | ठीकै | अति कम |
|---|---|---|
| ८४ | १६ | |

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

| धेरै भएको छ | ठीकै भएको | अति कम |
|---|---|---|

सबै जनाले थाहा छैन भनेका छन् ।

**प्रश्नावली भाग – २**

नागरिक प्रतिवेदन पत्र

१. सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

| पाएँ | ठीकै | स्पस्ट पाईन |
|---|---|---|
| ८६ | १२ | २ |

१२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो ?

| दिए | थोरै दिए | मागिएन र दिएन |
|---|---|---|
| ० | ० | १०० |

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

| आफै | मध्यस्थकर्ता | गाउँका ठुलावडा |
|---|---|---|
| ९० | ७ | ३ |

१ प्रतिशतले कर्मचारीले मध्यस्थता गरेको

## २. पूर्वाधार तथा सरसफाई सम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| राम्रो | ठीकै | खराव |
|---|---|---|
| ८१ | १९ | |

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

| तुरुन्तै हुन्छ | पटक पटक भनेपछि हुन्छ | हुदैन |
|---|---|---|
| ९५ | ५ | ० |

२.३ तपाईको विचारमा यो गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

| अति राम्रो | ठीकै | राम्रो छैन |
|---|---|---|
| ६ | ९४ | ० |

२.४ तपाईको पालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| अति राम्रो | ठीकै | राम्रो छैन |
|---|---|---|
| ५७ | २६ | १७ |

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

| अति प्रभावकारी | ठीकै | प्रभावकारी छैन |
|---|---|---|
| ६१ | ३७ | २ |

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

| सहज | ठीकै | अप्ठ्यारो |
|---|---|---|
| ५६ | ३५ | ९ |

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

| पर्दैन | मागेरै लिन्छन | नदिए अप्ठ्यारो पार्छन |
|---|---|---|
| १०० | ० | ० |

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

| सजिलै पाईयो | कहिलेकाही पाईयो | मागगर्दा पनि पाईएन |
|---|---|---|
| ५७ | ४३ | ० |

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?

| सजिलै पाईन्छ | सोधेपछी पाईन्छ | माग्दापनि पाईन्न |
|---|---|---|
| २४ | ७६ | ० |

२.१० स्थानीयतहको आचारसंहिता पालना भएको छ ?

| पुर्ण | ठीकै | छैन |
|---|---|---|
| ० | ० | |

थाहा छैन भनेका छन् सबैले

२.११ योजना सञ्चालन गर्दा गा.पा.वाट कत्तिको सहयोग पाउनु भएको छ ?

| अति राम्रो | ठीकै | निरुत्साहित गरिन्छ |
|---|---|---|
| ६४ | ३६ | ० |

**३. कार्यालयको विविध पक्षहरुमा अनुभव कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

| आवश्यक श्रोत उपलव्ध | कम उपलव्ध | अति कम उपलव्ध |
|---|---|---|
| ५३ | ४४ | ३ |

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

| अति सरल | ठीकै | जटिल |
|---|---|---|
| ४४ | ४६ | १० |

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

| सिप छ | आवश्यकताभन्दा कम छ | अति न्युन सिप छ |
|---|---|---|
| ७७ | २१ | २ |

३.४ यस गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

| देखेको छु | कहिलेकाही देखिन्छ | देखिन्न |
|---|---|---|

**अधिकांश सहभागिहरु टाँस हुने नहुने विषयमा आफुले ख्याल नगर्ने र खोजी पनि नगर्ने गरेको ।**

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

| छ | ठीकै | छैन |
|---|---|---|
| ७१ | २६ | ३ |

**(उपभोक्ता समितिले काम गर्दा धेरै खर्च हुन्छ तर प्राविधिक मुल्यांकनमा कम देखिदा समस्या भएको छ ।)**

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | जानकारी छैन |
|---|---|---|
| २४ | ७६ | |

## ४. पारदर्शिता सम्वन्धी

४.१ अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

| एउटा | २ वटा | जानकारी छैन |
|---|---|---|
| ६० | ० | ४० |

४.२ यस पालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

**सहभागिहरु सार्वजनिक परिक्षण भएकोबारे थाहा नपाएका  रहेको**

४.३ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ?

| धेरै | ठीकै | कम |
|---|---|---|
| ५० | ४० | १० |

४.४ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

| छ | छैन | जानकारी छैन |
|---|---|---|
| ० | ० | १०० |

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

| धेरै जानकारी | ठिकै जानकारी | अति कम जानकारी |
|---|---|---|
| १८ | ४४ | ३८ |

# अनुसूची–३

## बहिर्गमन अभिमत संकलन

१) सेवाग्राहीको लैंगिक सहभागिता (संख्या) :-पुरुषः ४० महिला ६० जम्माः १००

२) कार्यालय सम्म आइपुग्दाको समय (देखिसम्म): १० मिनेट देखी १.५ घण्टा सम्म

**६) यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि ?**

क) कार्यालयको कामले मात्र आउने : ७० प्रतिशत

ख) अन्य कामले पनि आउने संख्याः ३० प्रतिशत

सेवाको नाम मुल्यांकन

१ सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?

| अति स्पस्ट | ठिकै | अस्पस्ट |
|---|---|---|
| ५० | ४० | १० |

२ सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

| अति धेरै | ठिकै | थोरै |
|---|---|---|
| ५० | ४६ | ४ |

३ तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

| मिलनसार | ठिकै | अभद्र |
|---|---|---|
| ६८ | ३२ | ० |

४ सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि गरेनन ?

| अति स्पस्ट | ठिकै | अलमल हुनेगरी |
|---|---|---|
| ५२ | ४८ | ० |

५ तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?

| सजिलै | ठिकै | भएन |
|---|---|---|
| ७५ | २३ जना | २ |

६ सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के– कस्तो लाग्यो ?

| | | |
|---|---|---|
| अति सजिलो | ठिकै | लामो झन्झटिलो |
| ६० | ३० | १० |

**सेवाग्राही तथा नागरिकहरुबाट प्राप्त सुझावहरुः**

-स्वास्थ्य क्षेत्रमा रहेका कर्मचारीहरुमा पनि करारका कर्मचारीहरुलाई लक्षित गरि आधारभुत तालिमको प्रवन्ध गर्दा उत्तम हुने ।

-पालिका भित्र रहेका केही प्राथमिक बिद्यालयमा विद्यार्थी संख्या ज्यादै न्युन भएकोले बिद्यार्थीलाई पायक पर्ने नजिकको विद्यालयसँग मर्ज गर्दा राम्रो हुने ।

-अधिकांश वडामा पिउने पानीको समस्या रहेको र लिफ्टिङ बाहेक अन्य बिकल्प नदेखिएकोले यथासक्य योजनाहरु अगाडि बढाउनुपर्ने देखिएको ।

-गाउँपालिकाले बजार अनुगमन कार्यबिधि बनाएपनि बजार अनुगमन कार्यलाई निरन्तरता दिनुपर्ने ।

-बसाईसराइको समस्या यहाँ पनि रहेको, यसलाई कसरी रोक्ने भन्ने विषयमा अव चासो दिनुपर्ने ।

-खेल क्षेत्रमा यहाँ राम्रो देखियो । डाँडा डाँडामा पनि भलिवल प्रतिको आकर्षण देखियो । पालिकाको पनि राम्रो सहयोग देखियो यसलाई निरन्तरता दिनुपर्ने ।

-सबै वडाहरुमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्य गर्न सके अझ राम्रो र प्रभावकारी हुने ।

-जंगली जनावरहरु बाँदर दुम्सीको समस्या, किसानलाई बैकल्पिक खेतीतर्फ आकर्षित गराउनुपर्ने ।

-उपभोक्ता समितिमा बस्न धेरै मानिसहरुले हिच्किचाउन थालेका छन् । यसको सहज बिकल्प के हो ?